आज मिति २०८२ साल भदौ ९ गते सोमबारकाका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री **रविप्रकाश राईज्यूको** अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा निम्न बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय पारित गरियो ।

<u>उपस्थिति –</u>

१. गाउँपालिका अध्यक्ष श्री रविप्रकाश राई

२. गाउँपालिका उपाध्यक्ष श्री बिर्सिका राई

३. वडा नं. १ का वडाध्यक्ष श्री हेमन राई

४. वडा नं. २ का वडाध्यक्ष श्री जितेन्द्र कुमार राई

५. वडा नं. ३ का वडाध्यक्ष श्री गोविन्द तामाङ

६. वडा नं. ४ का वडाध्यक्ष श्री अर्जुन कुमार कटुवाल

७. वडा नं. ५ का वडाध्यक्ष श्री जीवन खत्री

८. कार्यपालिका सदस्य श्री मनकुमारी राई

९. कार्यपालिका सदस्य श्री सुजना बि.क.

१०. कार्यपालिका सदस्य श्री भगवति बि.क.

११. कार्यपालिका सदस्य श्री सर्मला कट्टेल

१२. कार्यपालिका सदस्य श्री दिपक सुनार

१३. कार्यपालिका सदस्य श्री नर बहादुर दर्जी

१४. सदस्य-सचिव नि. प्रमुख प्रशासकिय अधिकृत श्री दुर्ग बहादुर राई

<u>आमन्त्रित तथा सहयोगी</u>

१. सूचना अधिकारी श्री डिल्लीमान राई

२. सह-लेखापाल श्री उत्तम आचार्य

३. कार्यालय सहयोगी श्री राजन खड्का

प्रस्तावहरू –

१. नवजात शिशु बचत खाता सञ्चालन सम्बन्धि कार्यविधि, २०८२ सम्वन्धमा ।

२. साकेला गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२ सम्बन्धमा।

३. विविध सम्बन्धमा ।

निर्णयहरू -

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा साकेला गाउँपालिकाले विद्यमान व्यक्तिगत र राष्ट्रिय ऋणको बोझ र त्यसबाट प्रभावित साना बालबालिकाहरुको उज्वल भविष्य सुनिष्चित गर्ने उदेश्यका साथ देशकै नयाँ र पहिलो नवजात शिशु बचत योजनाको नीति लागू गर्ने निर्णय गरेको छ । यस कार्य मार्फत बालबालिकाहरुलाई उच्च शिक्षा र समुन्नत जीवनका लागि आधार स्थापित गराउने गाउँपालिकाको प्रमुख लक्ष्य रहेको छ साथै यस योजनाबाट कोही नागरिक शिक्षाबाट वञ्चित हुन नपरोस र भविष्यमा उद्यमी बन्न सफल हुनुका साथै बढ्दो बसाँईसराईलाई न्यूनीकरण गर्न सहयोग पुर्याउने प्रमुख उद्देश्यका साथ तयार गरिएको नवजात शिशु बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ सर्वसहमतीद्वारा पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपालको संविधानको धारा २४ को उपधारा ३४ को २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिष्चितता गर्नका लागि साकेला गाउँपालिकाको कार्यालयले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि तयार गरेको साकेला गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२ सर्वसहमतिद्वारा पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा छलफलको अन्य प्रस्ताव नभएकोले अध्यक्षबाट स-धन्यवादसहित आजको बैठक समापन गरियो ।